"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"
# धरान उपमहानगरपालिका
DHARAN SUB-METROPOLITAN CITY
# नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
( आर्थिक प्रशासन महा शाखा)
Financial Administration Division
धरान, सुनसरी, १ नं. प्रदेश, नेपाल
Dharan, Sunsari, Province No. 1, Nepal

पत्र संख्या :- ९५ /०५
चलानी नं. :- ३३३८

मिति: २०७६/०९/०६

विषयः <u>भुक्तानी प्रकृया स्थगित भएको सूचना</u>।

उपर्युक्त सम्बन्धमा नेपाल सरकारको निर्णय अनुसार स्थानीय तहहरुको बजेट तथा भुक्तानी प्रणालीको लागि महालेखा नियन्त्रक कार्यालयद्वारा तयार गरी यस उपमहानगरपालिका लगायत सबै स्थानीय तहहरुले प्रयोग गर्दै आएको सफ्टवेअर (**SuTRA**) मा प्राविधिक समस्या आएको कारणले अर्को व्यवस्था नभएसम्मको लागि यस कार्यालयबाट हुने सबै प्रकारका भुक्तानीहरु स्थगित भएको र चाँडोभन्दा चाँडो सञ्चालन गर्ने प्रयास भइरहेको र समस्या समाधान हुने बित्तिकै भुक्तानी प्रकृया चालु हुने व्यहोरा यस उपमहानगरपालिकाकाको मिति २०७६/०९/०६ को प्रमुखस्तरको निर्णय अनुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

...............................
विनोदकुमार पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

कार्यकारी अधिकृत: ०२५-५२०२७९, आर्थिक प्रशासन: ५२५४९०, सूचना, राजस्व: ५२०१०९, कार्यालय: ५२०४०७, ५२०६३६, ५२०८१३ फ्याक्स: ५२१९९१ वरूणयन्त्र: १०१, ५२०१९९
E-mail: info@dharan.gov.np, Website: http:/www.dharan.gov.np

नेपाल सरकार
अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय
# Financial Comptroller General Office

Visit Nepal 2020

(प्रणाली विकास अभिलेख तथा समन्वय शाखा)

पत्र संख्याः २०७६/७७
चलानी नं.: १८

मितिः २०७६।०९।०४

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

श्री सबै स्थानीय तहहरु.

<u>विषयः SuTRA System संचालन सम्बन्धमा ।</u>

स्थानीय तहहरुबाट बजेटिङ तथा लेखांकन कार्यका लागी प्रयोग गरिदै आएको सुत्र सफ्टवेयरमा प्रविष्टि गरिएका केहि तथ्यांक तथा डाटाहरु प्राविधिक कारणवश नोक्सान हुन गएको छ । यस कार्यालयको अथक प्रयास पछि सुत्र सिष्टम तथा २०७६/०८/११ सम्मको डाटा Recover गर्न सकिएता पनि त्यस पछिको डाटा भने प्राप्त गर्न नसकिएकोले सुत्रको प्रयोगकर्ताहरुले सुत्र सिष्टममा उक्त मिति पछि प्रविष्ट गरिएका भौचर तथा बजेट सम्बन्धि तथ्यांकहरु पुन प्रविष्ट गरिसकेपछि मात्र नयाँ भौचर सुत्र सफ्टवेयरबाट तयार गर्नु हुन मिति २०७६/०९/०४ गतेको निर्णयानुसार अनुरोध गरिन्छ । यसबाट यसका प्रयोगकर्ताहरुलाइ पर्न गएको असुविधा प्रति यस कार्यालय क्षमा प्रार्थी छ ।

कृष्णराज पौडेल
लेखा अधिकृत